राष्ट्र र जनताप्रति प्रतिबद्ध

# द पब्लिक टुडे

The Public Today National Daily

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३११ | २०८३ साउन ८ गते शुक्रबार | (Friday, 24 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

IT को हरेक काम, बर्दिबासको एउटै नाम !

## New BARDIBAS

## Computer Suppliers and Electronics

(In Association with croma NEPAL PVT. LTD.

बर्दिबास–१४ औरही रोड, महोत्तरी

☎ 9818119306, 9807857192

newbardibascomputers@gmail.com



कौशल महतो

सञ्चालक

सरकारी, निजी. शैक्षिक तथा व्यावसायिक क्षेत्रका लागि आधुनिक प्रविधिमा आधारित उत्कृष्ट सेवा

### हाम्रा प्रमुख सेवाहरु



**CCTV निगरानी प्रणाली**

HD/4K क्यामेरा, DVR/NVR, IP Camera, Installation & Maintenance



**नेटवर्किङ तथा फाइबर अप्टिक समाधान**

Structured Cabling, Router, Switch, Wi-Fi Solution, LAN/WAN Setup



**एक्सेस कन्ट्रोल तथा बायोमेट्रिक हाजिरी प्रणाली**

Attendance System, Access Control, Time Management Solution



**HRM, Business तथा Accounting Management Software**

HR, Payroll, Inventory, Accounting, Billing & Reports



**Smart Classroom Solution**

Smart Board, Interactive Display, Digital Classroom Setup



**कम्प्युटर, ल्यापटप, प्रिन्टर तथा IT उपकरणहरुको बिक्री**

Desktop, Laptop, Printer, Accessories & All Types of IT Equipment



**सरकारी तथा निजी IT परियोजना परामर्श/कार्यन्वयन**

Tender, Supply, Installation, Support & After Sales Service



**IP PBX तथा इन्टरकम प्रणाली**

IP PBX System, Intercom, EPABX, Telephone System Installation

### हाम्रो विशेषता


- अनुभवी र दक्ष प्राविधिक टिम
- गुणस्तरीय सामग्री र भरपर्दो सेवा
- विक्रयपछिको सेवा र प्राविधिक सहयोग
- प्रतिस्र्धी मूल्यमा उत्कृष्ट समाधान

**हामी के दिन्छौं ?**

PREMIUM QUALITY GUARANTEED

Installation, Maintenance (AMC) तथा Technical Support

Software Development & System Integration



साथै, मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित टुटेश्वरनाथ महादेव मन्दिरको दर्शन, पूजा–आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना समेत व्यक्त गर्दछौं ।

"विश्वसनीय प्रविधि, गुणस्तरीय सेवा र ग्राहक सन्तुष्टि–यही हाम्रो प्रतिबद्धता हो ।"

राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३११ | २०८३ साउन ८ गते शुक्रवार | (Friday, 24 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### सर्पदंशले बर्दिबासमा अकाल मृत्युको भयावह पीडा

# भेन्टिलेटर सुविधा नहुँदा सर्पदंशका बिरामी बचाउनै मुस्किल




**गोपालप्रसाद बराल**

*बर्दिबास, साउन ७ गते ।*

बर्दिबासको सर्पदंश उपचार केन्द्रमा 'एन्टी स्नेक भेनम' छ । तर, विषको असरले सिकिस्त बनेका बिरामीलाई तत्कालै चाहिने भेन्टिलेटर छैन । केन्द्रसँग त्यो सुविधा नहुँदा गम्भीर बिरामी अन्यत्र पठाउनुपर्ने बाध्यता छ । यही क्रममा कतिपयले बाटोमै ज्यान गुमाउँछन् । कतिपय अस्पताल पुगे पनि बच्दैनन् ।

बुधबार साँझ (साउन ६ गते) बर्दिबास-१२ बिजलपुराका आठ वर्षीय विवेक कापर पनि सिकिस्त अवस्थामा यही केन्द्रमा ल्याइए । उनको अवस्था गम्भीर थियो । तत्काल भेन्टिलेटर आवश्यक देखियो । तर केन्द्रमा उपचारका लागि आवश्यक भेन्टिलेटर सुविधा थिएन । उनलाई नजिकैको जनसेवा अस्पताल 'रेफर' गरियो । अस्पताल पुर्‍याउँदा पनि विवेकलाई बचाउन सकिएन । बिहीबार बिहान उनको मृत्यु भयो ।

बर्दिबास-३ गौरीडाँडामा करिब १२ वर्षअघि सामुदायिक पहलमा सर्पदंश उपचार केन्द्र स्थापना भएको हो । त्यसयता ३२ हजारभन्दा बढीले यहाँ उपचार सेवा लिएका छन् । तर गम्भीर बिरामीलाई तत्काल भेन्टिलेटर सुविधा उपलब्ध गराउन नसक्दा केन्द्रबाट 'रेफर' हुने क्रम रोकिएको छैन ।

केन्द्रमा 'एन्टी स्नेक भेनम' को अभाव छैन । समस्या भेन्टिलेटरमा छ । विषको असरले श्वासप्रश्वासमा समस्या देखिएका बिरामीलाई तत्काल भेन्टिलेटर आवश्यक पर्छ । तर केन्द्रमा त्यस्तो उपचार गर्न सकिने सुविधा छैन । त्यसैले सिकिस्त बिरामीलाई अन्यत्र पठाउनुपर्छ ।

केन्द्रको अभिलेखअनुसार स्थापना भएयता उपचारका लागि आएका करिब ३२ हजार ३०० सर्पदंशका बिरामीमध्ये ६७ जनालाई अन्यत्र 'रेफर' गरिएको छ । तीमध्ये अधिकांशको मृत्यु भएको छ । गम्भीर बिरामीलाई केन्द्रमै उपचार गर्न नसकी अन्यत्र पठाउँदा हुने ढिलाइ उनीहरूको ज्यान जाने प्रमुख कारणमध्ये एक बनेको छ ।

महोत्तरीको बर्दिबास क्षेत्र 'सर्पको खानी' का रूपमा परिचित छ । यहाँ सबै मौसममा सर्पदंशको जोखिम हुन्छ । गर्मी र बर्खामा घटना झनै बढ्छन् । तर गम्भीर बिरामी बचाउने उपचार प्रबन्ध कमजोर छ । यही

- बाँकी पृष्ठ ३ मा

## नगरपालिकाले उपचार खर्चको जिम्मा लिएपछि बुझाइयो शव



**द पब्लिक टुडे समाचारदाता**

*बर्दिबास, साउन ७ गते ।*

महोत्तरीको बर्दिबास नगरपालिका-१२, बिजलपुरा चल्कीका ८ वर्षीय विवेक कापरको सर्पदंशबाट मृत्यु भएपछि उपचार खर्च तिर्न नसक्दा अस्पतालमै रोकिएको शव नगरपालिकाको समन्वयपछि परिवारलाई बुझाइएको छ। चन्दन कापरका छोरा विवेकलाई बुधबार साँझ घरछेउको अम्बाको रुखमा फल टिप्ने क्रममा विषालु सर्पले टोकेको थियो । परिवारले तत्काल उपचारका लागि बर्दिबास जनसेवा अस्पताल पुर्‍याए पनि भेन्टिलेटरमा उपचारकै क्रममा बिहीबार बिहान उनको मृत्यु भएको थियो । उपचारमा करिब ६१ हजार रुपैयाँ खर्च भएको अस्पतालले जनाएको छ । आर्थिक अवस्था कमजोर

- बाँकी पृष्ठ ३ मा

## मधेशका पूर्वअर्थमन्त्री साहसहित ७ जनामाथि भ्रष्टाचार मुद्दा

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन ७ गते ।*



शैलेन्द्रप्रसाद साह

सर्लाहीको बागमती म्युनिसिपल पार्क र रिसोर्ट निर्माणमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्रप्रसाद साह सहित सात जनामाथि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले साह सहित मधेश प्रदेश सरकारको अर्थमन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुर, सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापा, उपप्रमुख लीलाकुमारी मोक्तान, प्रमुख प्रशाकीय अधिकृत विमलकुमार पोखरेल, मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयका उपसचिव उद्धवराज न्यौपाने र ठेकेदार बिकोई धुलिखेल जेवीका प्रतिनिधि युवराज पोखरेलमाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले उक्त निर्माणमा ३९ करोड ३९ लाख रुपैयाँ भ्रष्टाचार भएको दाबी गरे पनि आरोपितहरूमाथि फरक-फरक बिगो र जरिवाना मागदाबी गरेको छ । पूर्वअर्थमन्त्री साह र सचिव ठाकुरमाथि ३५ करोड रुपैयाँ बिगो मागदाबी छ । अख्तियारले मेयर थापा, उपमेयर मोक्तान र प्रमुख प्रशासकीय अधिकृत पोखरेलमाथि ३९ करोड ३९ लाख रुपैयाँ हानिनोक्सानी पुर्‍याएको आरोप लगाएको छ । मधेश सरकारका उपसचिव उद्धवराज न्यौपानेमाथि २० करोड भ्रष्टाचार गरेको आरोप छ । अख्तियारले ठेकेदार कम्पनीमाथि ३९ करोड ३९ लाख रुपैयाँ हानिनोक्सानी पुर्‍याएको आरोप लगाएको छ ।

## ५ लाख घुससहित लहानका कर अधिकृत पक्राउ

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन ७ गते ।*

आन्तरिक राजस्व कार्यालय लहान, सिरहाका कर अधिकृत युवराज पाल ५ लाख रुपैयाँ घुस लिँदै गरेको अवस्थामा पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले उनलाई रंगेहात पक्राउ गरेको हो ।

स्रोतका अनुसार सिरहा सुपर मार्केट प्रालिको आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर परीक्षण (फूल अडिट) गर्ने क्रममा अधिकृत पालले आफूभन्दा माथिका कर अधिकृत प्रकाश राई सहित अन्य व्यक्तिलाई समेत मिलाउनुपर्ने भन्दै सुरुवातमै ५ लाख रुपैयाँ घुस मागेका थिए । घुस दिएपछि मात्र अडिट प्रक्रिया अगाडि बढाइने भन्दै कम्पनीसँग आवश्यक सम्पूर्ण कागजात पेस गराइएको आरोप छ ।

अडिटका क्रममा कार्यालयले कर, जरिवाना तथा अन्य शीर्षकमा करिब २ करोड रुपैयाँसम्म दायित्व पर्ने जनाएको थियो। कम्पनीले थप कागजात पेस गर्दै जाँदा दोस्रो चरणमा थप ३० देखि ३५ लाख रुपैयाँसम्म कर दायित्व बढ्न सक्ने बताइएको थियो । यसैबीच कर अधिकृत पालले १२ लाख रुपैयाँ दिए सबै समस्या समाधान गरिदिने प्रस्ताव राखेको र कम्पनीले आर्थिक अवस्था कमजोर रहेको बताएपछि रकम घटाएर ५ लाख रुपैयाँमा सहमति गर्न खोजिएको आरोप छ ।

घुस बुझ्ने योजनाअनुसार कम्पनीका प्रतिनिधिलाई बुधबार दिउँसो १ बजेदेखि २ बजेसम्म प्रतिक्षामा राखिएको थियो । साँझ ६:५६ बजे पालले फोन गरी आफू गोलबजार क्षेत्रमा रहेको जानकारी दिएका थिए । त्यसपछि पुनः सम्पर्क गर्दै सोही दिन नभई भोलिपल्ट बिहान ९ देखि १०

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# चुरे जोगाउने कि भविष्य गुमाउने ?

चुरे नेपालको प्राकृतिक सम्पदा मात्र होइन, तराई-मधेसको अस्तित्वको आधार हो । यही क्षेत्रले जलस्रोत, जैविक विविधता र वातावरणीय सन्तुलन जोगाउँदै लाखौं नागरिकको जीवन धानेको छ । तर आज वनफँडानी, अतिक्रमण, अवैज्ञानिक भू-उपयोग र नदीजन्य पदार्थको अन्धाधुन्ध दोहनले चुरे संकटको संघारमा पुगेको छ। यसको परिणाम बाढी, डुबान, भूक्षय, पानीका मुहान सुक्ने र खेतीयोग्य जमिन उजाड बन्दै जाने अवस्थाका रूपमा देखिन थालेको छ ।

राज्यले चुरे संरक्षणका नाममा अबौं रुपैयाँ खर्च गरेको छ । मधेस प्रदेश सरकारले 'चुरे जोगाऔँ, मधेस बचाऔँ, आफ्नो चुरे आफैं बचाऔँ' अभियान पनि घोषणा गर्‍यो । तर परिणाम कहाँ छ ? यदि संरक्षण कार्यक्रम प्रभावकारी थिए भने चुरे किन निरन्तर दोहनको सिकार भइरहेको छ ? अवैध उत्खनन किन रोकिएको छैन ? यी प्रश्नको जवाफ सरकारले दिनैपर्छ । विज्ञहरूले चेतावनी दिइरहेका छन्- चुरे विनाशको यही गति कायम रहे अन्न भण्डारका रूपमा चिनिने तराई-मधेस मरुभूमीकरणको जोखिममा पर्न सक्छ । यो कुनै अतिशयोक्ति होइन, भविष्यको सम्भावित यथार्थ हो । त्यसैले चुरे संरक्षणलाई वातावरणीय मुद्दामा सीमित राखेर पुग्दैनह यसलाई राष्ट्रिय सुरक्षा, खाद्य सुरक्षा र दिगो विकासको प्रश्नका रूपमा लिनुपर्छ ।

अब घोषणा र नाराले होइन, कठोर कार्यान्वयनले परिणाम दिनुपर्छ । अवैध उत्खननमा शून्य सहनशीलता, वन अतिक्रमणको अन्त्य, वैज्ञानिक भू-उपयोग, स्थानीय समुदायको सहभागिता र प्रभावकारी अनुगमन आजको आवश्यकता हो । चुरे जोगियो भने तराई-मधेस जोगिन्छ, तराई-मधेस जोगियो भने देशको समृद्धिको आधार सुरक्षित रहन्छ । त्यसैले अब सरकार र नागरिक समाज दुवैले जिम्मेवारीबाट पन्छिने छुट छैन ।

## राशिफल

मेष - काम सुरु हुन सक्छ ।
वृष - उत्साहजनक रहनेछ ।
मिथुन - भौतिक साधन जुट्नेछन् ।
कर्कट - दिन उत्साहपूर्ण रहनेछ ।
सिंह - लाभ मिल्ने योग छ ।
कन्या - सम्पादन गर्ने मौका दिलाउनेछ ।
तुला - खानपानमा सजग रहनुहोला ।
वृश्चिक - समय दिनुपर्ने हुन सक्छ ।
धनु - काम बनाउन सकिनेछ ।
मकर - विशेष फाइदा हुनेछ ।
कुम्भ - सम्झौता गर्ने समय छ ।
मिन - सहयोगीहरू प्रशस्तै भेटिनेछन् ।

# भेन्टिलेटर सुविधा नहुँदा सर्पदंशका...

कारण सर्पको विषबाट भन्दा उपचार अभावबाट ज्यान गुमाउने जोखिम बढेको छ ।

उपचार केन्द्रमा पुर्‍याइए पनि केही वर्षअघि बर्दिबास-४ का युवराज श्रेष्ठलाई बचाउन सकिएन । यसैगरी बर्दिबास-१४ का व्यवसायी अर्जुन प्याकुर्‍यालको मनबाट बुबा बित्नु भएको घटना मेटिनै सकेको छैन । यिबाहेक पनि उपचार केन्द्रमै नआइपुगेर, उपचार केन्द्र पुग्न ढिला भएर र आवश्यक उपचार प्रबन्ध जुट्न नसक्दा मृत्युवरण गरेकाहरुको फेहरिस्त लामै बन्छ ।

केन्द्रमा नेपाली सेनाका दक्ष प्राविधिकले उपचार गर्दै आएका छन् । तर बिरामीको अवस्था गम्भीर देखिएपछि उनीहरूलाई 'रेफर' गरिन्छ । अन्यत्र लैजाँदा उपचारमा ढिलाइ हुन्छ । यही ढिलाइ कतिपयका लागि घातक बन्ने गरेको छ ।

'मेरो बाबालाई त ढिलो नगरी उपचार केन्द्र पुर्‍याइएको थियो,' करिब एक दशकअघिको घटना सम्झँदै बर्दिबास-१४ का व्यवसायी अर्जुन प्याकुर्‍याल भन्छन्, 'भेन्टिलेटरसहितको उच्चतम उपचार सुरुदेखि नै पाएको भए बुबा रहनुहुन्थ्यो कि भन्ने खुटखुटी सधैं रहने भयो ।'

बर्दिबास-४ का युवराज श्रेष्ठको परिवारजन पनि उच्चतम उपचार प्रबन्ध नहुँदा उनको मृत्यु भएको बताउँछन् ।

केन्द्रलाई साधनसम्पन्न बनाउन विभिन्न समयमा पहल भएका छन् । युनिसेफको सहयोगमा केही उपकरण प्राप्त भए । २०७९ साल साउनमा नेपाल सरकारले भेन्टिलेटर दियो । २०८० साल जेठमा रेडक्रस बर्दिबास शाखाले स्वास्थ्य उपकरण उपलब्ध गरायो । तर प्राप्त भेन्टिलेटर केन्द्रमै बिरामीको उपचार गर्न मिल्ने प्रकृतिको छैन ।

'हामीलाई प्राप्त भेन्टिलेटर बढीमा नजिकको अस्पतालसम्म बिरामी पुर्‍याउन सकिने क्षमताको मात्र हो,' केन्द्रका अध्यक्ष कृष्ण देवकोटा भन्छन्, 'हामीकहाँ भएको सुविधा यहाँ आउने सबैले पाएका छन् ।'

बुधबार साँझ उपचारका लागि ल्याइएका कापरलाई पनि यही कारण भेन्टिलेटर सुविधासहितको अस्पताल पठाइएको थियो । उनको उपचारका लागि आवश्यक विभिन्न चरणको 'एन्टी स्नेक भेनम' भने केन्द्रले नै उपलब्ध गराएको देवकोटाले बताए । केन्द्रमा रहेको भेन्टिलेटर बिरामीलाई उपचार गर्नेभन्दा स्थानान्तरणका क्रममा प्रयोग गर्न मिल्ने 'पोर्टेबल' प्रकृतिको हो । उपचारमा संलग्न प्राविधिकका अनुसार त्यसबाट केन्द्रमै गम्भीर बिरामीलाई राखेर उपचार गर्न सकिँदैन ।

भेन्टिलेटर राखेर मात्र पनि समस्या समाधान हुँदैन । त्यसलाई सञ्चालन गर्ने दक्ष जनशक्ति पनि चाहिन्छ । बर्दिबासका स्वास्थ्य संस्थामा दुवैको अभाव देखिन्छ । प्रविधि र दक्ष जनशक्ति नहुँदा सर्पदंश उपचार केन्द्रसँगै बर्दिबास अस्पतालले पनि गम्भीर बिरामीलाई अन्यत्र पठाउने गरेको छ ।

'३२ हजारभन्दा बढीले उपचार पाएको केन्द्रबाट ६७ जनालाई रेफर हुनु सामान्य विषय होइन,' ब्लड फर नेपालका अभियानी सरोजकुमार महतो भन्छन्, 'रेफर गरिएका अधिकांशको मृत्यु हुनु झनै डरलाग्दो अवस्था हो ।'

बर्दिबास सर्पदंशको उच्च जोखिममा छ । यहाँ उपचार केन्द्र पनि छ । 'भेनम' पनि छ । तर गम्भीर बिरामी बचाउन चाहिने भेन्टिलेटर छैन । यही अभावले उपचार केन्द्रको क्षमता सीमित बनाएको छ ।

स्थानीयवासीले सर्पदंश उपचार केन्द्रमै भेन्टिलेटर, आईसीयूसहितका आवश्यक उपकरण र दक्ष जनशक्ति व्यवस्थापन गर्न माग गरेका छन् । उनीहरूका अनुसार बर्दिबासमा सर्पदंशका बिरामीलाई 'रेफर' गरेर होइन, उपचार केन्द्रमै बचाउने व्यवस्था हुनुपर्छ । यसका लागि बर्दिबास नगरपालिका, प्रदेश र सङ्घीय सरकारले तत्काल पहल गर्नुपर्ने उनीहरूको माग छ ।

# मधेस प्रदेशका ३४ स्थानीय तहमा करदाता...

र सदरमुकाम सिरहास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयले सिरहा जिल्लामा करदाता सेवा पुर्‍याउँदै आएको छ ।

यस्तै धनुषाको मिथिला नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाले पनि केही दिनदेखि करदाता सेवा सञ्चालन गरेको आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ता बताउँछन् । धनुषाको केही स्थानीय तहहरुमा करदाता सेवा सञ्चालन सम्बन्धमा छलफल र सम्झौताको काम अघि बढेको र केही दिनमा ती स्थानीय तहहरुले करदाता सेवा विस्तार हुने उनको भनाइ छ ।

सर्लाहीको लालबन्दी नगरपालिका, बागमती नगरपालिका, ईश्वरपुर नगरपालिका, हरिवन नगरपालिका, हरिपुर्वा नगरपालिका र हरिपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय महोत्तरी बर्दिबासमा सूचना अधिकारी रोविन साह बताउँछन् । उनका अनुसार सर्लाहीको बाँकी चार पालिकामा करदाता सेवा सञ्चालनका लागि प्रयास भइरहेको छ ।

आन्तरिक राजस्व कार्यालय सिमरा बाराका अनुसार रौतहटको सात पालिकाबाट करदाता सेवा सञ्चालन भइसकेको छ। रौतहटको चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, गुजरा नगरपालिका, कटहरीया नगरपालिका, गढीमाई नगरपालिका, फतुवा बिजयीपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय सिमरा बाराका प्रमुख दिनेश पाण्डे बताउँछन् ।

बारामा भने जितपुर सिमरा उपमहानगरपालिकाबाट मात्र करदाता सेवा सञ्चालन भइरहेको प्रमुख पाण्डेको भनाइ छ ।

रौतहट र बाराका केही स्थानीय तहबाट करदाता सेवा सञ्चालनका लागि सम्झौता र तालिम दिने काम भइरहेकोले छिट्टै ती पालिकाहरुमा पनि करदाता सेवा सुरु गरिने प्रमुख पाण्डेको भनाइ छ । सिरहा, महोत्तरी र पर्सा जिल्लाको कुनै पनि स्थानीय तहले अहिलेसम्म करदाता सेवा सञ्चालन गर्न सकेको छैन ।

विगतमा आन्तरिक राजस्व कार्यालयहरुबाट दिँदै आएको व्यक्तिगत तथा व्यवसायी स्थायी लेखा नम्बर जारी गर्ने, प्यान रुपान्तरण गर्ने तथा आयकर दर्तासम्बन्धी काम अब स्थानीय तहबाट हुन थालेको छ । यसका साथै अन्तशुल्कसम्बन्धी इजाजत जारी तथा नवीकरण प्रक्रियाका लागि कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण पालिकाबाटै गरी अन्तिम स्वीकृति आन्तरिक राजस्व कार्यालयबाट डिजिटल हस्ताक्षरमार्फत हुने व्यवस्था रहेको जनाएको छ ।

स्थानीय तहबाटै करदाता सेवा संचालन भएपछि पालिकाभित्रका करदातालाई सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हट्नुको साथै करदातालाई समय र खर्चसमेत बचत हुने सप्तरीको तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवको विश्वास छ । करसम्बन्धी सेवालाई स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार र सङ्घीय निकायबीचको समन्वयलाई समेत मजबुत बनाएको सङ्घीयता विज्ञ तथा राष्ट्रियसभाका पूर्वसदस्य डा. खिमलाल देवकोटाको भनाइ छ ।

"स्थानीय तहबाट सेवा प्रवाह हुनुको सबैभन्दा ठूलो लाभ नागरिकलाई नै पुग्नेछ", डा. देवकोटाले भने, "पहिले एउटा प्यान दर्ता वा नवीकरणका लागि दिनभर समय खर्च गरेर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो, अब त्यही सेवा आफ्नै पालिकाबाट प्राप्त गर्न सकिने भएको छ ।" यसले समय र खर्च दुवै बचत गर्नेछ साथै सेवाप्रति नागरिकको पहुँच बढ्ने र कर प्रणालीप्रति विश्वास पनि बलियो बन्ने अपेक्षा गर्न सकिने उनको कथन छ ।

सङ्घीय सरकारको यस व्यवस्थाले कर प्रशासनलाई थप व्यवस्थित र पारदर्शी बनाउन पनि मद्दत गर्नेछ । स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने निकाय भएकाले करदाताको विवरण अद्यावधिक राख्न, करसम्बन्धी जनचेतना अभिवृद्धि गर्न तथा नयाँ करदातालाई प्रणालीमा आबद्ध गराउन सहज हुने डा. देवकोटाको विश्वास छ ।

मधेस प्रदेशका सिरहा, महोत्तरी र पर्सा जिल्लाका स्थानीय तहमा अझै सेवा सुरु हुन सकेको छैन, आवश्यक जनशक्ति, प्राविधिक पूर्वाधार, तालिम र समन्वयको अभावले सेवा विस्तारमा ढिलाइ भइरहेको देखिन्छ । सङ्घीय सरकार, आन्तरिक राजस्व कार्यालय र स्थानीय तहबीच प्रभावकारी सहकार्य हुन सकेमात्र यो अभियान पूर्ण सफल हुन सक्छ उनको भनाइ छ ।

डिजिटल प्रणालीको प्रभावकारी प्रयोग अर्को महत्वपूर्ण पक्ष हो । स्थानीय तहबाट कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण भए पनि अन्तिम स्वीकृति डिजिटल हस्ताक्षरमार्फत आन्तरिक राजस्व कार्यालयबाट हुने व्यवस्था गरिएको छ । यसले सेवा प्रक्रियालाई आधुनिक र पारदर्शी बनाउने भए पनि इन्टरनेट, प्रविधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नुपर्ने आवश्यकता छ ।

"सङ्घीयताको मूल मर्म भनेकै नागरिकलाई घरदैलोमै सेवा उपलब्ध गराउनु हो", नागरिक समाजका अगुवा राजकुमार साहले भने, "करदाता सेवा स्थानीय तहसम्म विस्तार हुनु यही मर्मको व्यावहारिक अभ्यास हो, मधेस प्रदेशमा सुरु भएको यो पहललाई देशका अन्य प्रदेशमा पनि प्रभावकारी रूपमा विस्तार गर्न सकिए कर प्रशासन थप नागरिकमैत्री बन्नेछ ।"

# औषधिको...

समायोजन गर्दा भारतको नेशनल 'फार्मास्युटिकल प्राइसिङ अथोरिटी'ले निर्धारण गरेको सिलिङ मूल्यलाई आधार मान्ने अभ्यास रहँदै आएको छ । यसअघिका मूल्य निर्धारण प्रक्रियामा पनि यही आधार अपनाइएको थियो ।

खड्गीले मूल्य समायोजनको प्रक्रिया कानुनी रूपमा अघि बढिरहे पनि तत्कालका लागि बजारमा औषधिको अभाव हुन नदिन सरकार औषधि उत्पादक, आयातकर्ता तथा व्यवसायीसँग निरन्तर संवादमा रहेको बताउनुभयो । उनीहरूका समस्या र अप्ठ्यारा सुनेर आवश्यक सहजीकरण गर्ने कामसमेत जारी रहेको उनको भनाइ छ ।

# नगरपालिकाले उपचार खर्चको...

भएकाले परिवारले रकम तिर्न नसक्दा केही समय शव अस्पतालमै रोकिएको थियो । द पब्लिक टुडेलगायतका सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत घटनाप्रति चासो जनाएको थियो । लगतै बर्दिबास नगरपालिका, अस्पताल र अन्य सरोकारवालाबीच समन्वय भएको थियो । मानवीय आधारमा सुरुमै २० हजार रुपैयाँ उपचार शुल्क छुट दिएको अस्पतालका सञ्चालक सुमन भुजेलले बताए । उनका अनुसार समाचार प्रकाशितपछि प्रधानमन्त्री कार्यालयबाट समेत फोन आएको थियो । लगतै बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले विवेकको उपचार खर्च स्थानीय सरकारबाट दिने प्रतिबद्धता जनाएपछि शव परिवारलाई बुझाइएको अस्पतालले जनाएको छ ।

# ५ लाख घुससहित लहानका...

बजेको बीचमा भेट्ने भन्दै एक बिचौलियाको नम्बर पठाएका थिए । बिचौलियाले आफू बाहिर रहेको भन्दै आफ्ना भाइमार्फत रकम बुझाउन आग्रह गरेपछि अन्ततः पालले रकम कार्यालयमै ल्याउन भनेका थिए। कार्यालयमै ५ लाख रुपैयाँ घुस बुझ्ने क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले कर अधिकृत पाललाई रंगेहात पक्राउ गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका कार्यालय प्रमुख रामबहादुर कुरुम्वाङले जानकारी दिए । घटनाबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले थप अनुसन्धान अघि बढाएको छ ।

# मधेसका ३४ स्थानीय तहमा करदाता सेवा विस्तार

**राष्ट्रिय समाचार समिति**
*जनकपुरधाम, साउन ७ गते ।*




मधेस प्रदेशका ३४ स्थानीय तहहरूमा करदाता सेवा विस्तार भएको छ । सङ्घीय सरकारले नागरिकलाई सहज, छरितो र पहुँचयोग्य सेवा प्रदान गर्ने उद्देश्यसहित अघि सारेको 'स्थानीय तहबाटै करदाता सेवा' अवधारणाले अब व्यावहारिक रूप लिन थालेको छ ।

नेपालमा सङ्घीयता लागू भएको एक दशक पुग्न लाग्दा पनि धेरै सार्वजनिक सेवा अझै केन्द्रित संरचनाबाटै सञ्चालन हुँदै आएका छन् । कर प्रशासन पनि त्यसमध्ये एक थियो । प्यान दर्ता, प्यान रूपान्तरण, आयकर दर्ता तथा अन्तःशुल्कसम्बन्धी विभिन्न प्रक्रियाका लागि सेवाग्राहीले घण्टौं यात्रा गर्नुपर्ने अवस्था थियो । विशेषगरी ग्रामीण क्षेत्रका नागरिक र साना व्यवसायीका लागि यो झन्झटिलो मात्र होइन, खर्चिलो पनि थियो । मधेस प्रदेशमा यसको प्रभावकारी कार्यान्वयन हुन थालेको देखिन्छ ।

मधेस प्रदेशका ३४ वटा स्थानीय तहहरुले करदाता सेवा सुरु भएसँगै नागरिकले करसम्बन्धी कामका लागि जिल्ला सदरमुकाम वा आन्तरिक राजस्व कार्यालय धाउनुपर्ने बाध्यता कम हुँदै गएको छ । सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३४ स्थानीय तहमा सेवा सुरु हुनु त्यसैको उदाहरण हो । मधेस प्रदेशको आठ जिल्लाको १३६ स्थानीय तहमध्ये हालसम्म सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३४ स्थानीय तहबाट करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालयहरुले जनाएको छ ।

आन्तरिक राजस्व कार्यालय लहान सिरहाका प्रमुख अमित पौडेलका अनुसार सप्तरीको १८ वटै स्थानीय तहमा करदाता सेवा सुरु भइसकेको छ । सप्तरीको राजविराज नगरपालिका, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालनी नगरपालिका, शम्भुनाथ नगरपालिका, खडक नगरपालिका, बोदे बसाइन नगरपालिका, डाक्नेश्वरी नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाइर कृष्णासबरण गाउँपालिका, तिरहुत गाउँपालिका, महदेवा गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिकामा करदाता सेवा सुरु भइसकेको प्रमुख पौडेल बताउँछन् । सिरहामा भने कुनै पनि स्थानीय तहबाट अहिलेसम्म करदाता सेवा सुरु हुन सकेको छैन । आन्तरिक राजस्व कार्यालय लहान

- बाँकी पृष्ठ ३ मा

# अनुचित लेनदेन उजुरी मेलमिलापबाट फछ्र्यौट

**राष्ट्रिय समाचार समिति**
*जनकपुरधाम, साउन ७ गते ।*

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी परेका उजुरीमध्ये हालसम्म एक हजार १८७ वटा गुनासो मेलमिलाप विधिबाट फछ्र्यौट भएको छ ।

कूल दर्ता भएका पाँच हजार २५७ अभियोगमध्ये छलफल विधिबाट पीडितको पक्षमा सुनुवाइ भएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले सहमति नभएका ९३ मुद्दा अदालतमा पञ्जीकरण गरिएको जानकारी दिए ।

छानविनपछि सहमतिमा ३० करोड ८२ लाख ३७ हजार ९२ र २७ बिघा आठ कट्ठा १८ धुर जग्गा फिर्ता भएको छ । थोरै रकम दिएको तर, धेरै रकमको कपाली तमसुक गरिएकाले दोब्बर तेब्बरसम्म चेक धितो राख्ने प्रवृत्ति रहेको छानबिनका क्रममा भेटिएको बताइन्छ ।

जनशक्तिको कमीले पहिले दर्ता भएका गुनासो टुङ्गो नलागेकाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका उजुरीमा कारबाही प्रक्रिया अघि नबढेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताए ।

# पूर्ववरिष्ठ उपरीक्षक साह नै ठगीमा परेपछि...

**राष्ट्रिय समाचार समिति**
*जनकपुरधाम, साउन ७ गते ।*

नेपाल प्रहरीका पूर्ववरिष्ठ प्रहरी उपरीक्षक गोविन्दकुमार साह आफैं ठगीमा परेको भनी दुखेसो पोखेका छन् ।

धितोमा रहेको आफ्नो जग्गा बैंकमा पुनः धितो राखी अरु कसैले चार करोड ऋण लिएको थाहा पाएपछि आफू ठगीमा परेको उनले जानकारी दिए ।

धनुषाको विदेह नगरपालिका-८ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-२ मा बसोबास गर्दै आएका सुरक्षाकर्मी साहले आफू ठगिएको थाहा पाएपछि प्रहरीमा उजुरी दिएको विहीवार पत्रकार सम्मेलनमार्फत जानकारी दिए ।

पूर्वएसएसपी साहका अनुसार वि.सं. २०७९ मा चिनजानका व्यक्तिसँग ९९ लाख ऋण लिइ विदेह नगरपालिका-६ तीनकौरियाको पत्नीका नाममा रहेको पाँच कट्ठा १३ धुर दृष्टिबन्धक गरिदिएकामा उनीलाई थाहा नै नदिइ ती व्यक्तिले अर्कालाई त्यो जग्गा पुनः धितो राखी चार करोड ऋण लिएका थिए ।

पूर्वसुरक्षाकर्मी साहका अनुसार ऋणको साँवा-ब्याज तिर्ने र जग्गा फिर्ता गरिदिन पटक-पटक आग्रह गर्दा ती व्यक्तिले विभिन्न बहाना बनाएपछि उनले ठगीको उजुरी दर्ता गराएको छ ।

पूर्ववरिष्ठ उपरीक्षक साहको जाहेरीका आधारमा धनुषा प्रहरीले ठगीको अभियोग लागेका स्थानीय गोपाल साह, उनकी पत्नी रेखाकुमारी साह तथा छोरा हरेराम साहलाई पक्राउ गरेको छ ।

# औषधिको मूल्य समायोजन प्रक्रिया अघि बढ्यो

**राष्ट्रिय समाचार समिति**
*काठमाडौं, साउन ७ गते ।*

क्यान्सर तथा अन्य केही गम्भीर रोगको उपचारमा प्रयोग हुने औषधिको बेलाबेलामा देखिने अभावलाई स्थायी रूपमा समाधान गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाएको छ । कच्चा पदार्थको मूल्यमा हुने उतारचढावका कारण औषधि अभाव हुने समस्या समाधान गर्न औषधिको मूल्य समायोजनलगायत उपाय अवलम्बन गर्ने तयारी गरिएको हो ।

गत साता औषधि व्यवस्था विभागकी निमित्त महानिर्देशक शिवानी खड्गीको अध्यक्षतामा बसेको मूल्य अनुगमन समितिको अत्यावश्यक औषधिको अभाव हुन नदिन मूल्य समायोजनसहित आवश्यक नीतिगत सुधार अघि बढाउने निर्णय गरेको थियो ।

निमित्त महानिर्देशक खड्गीका अनुसार विगत ११ वर्षदेखि औषधिको मूल्य समायोजन नभएका कारण केही औषधिको आपूर्तिमा समस्या देखिएको छ । उनका अनुसार केही औषधिको बजार मूल्य सरकारले तोकेको मूल्यभन्दा धेरै बढिसकेकाले उत्पादक तथा आयातकर्ताले पुरानै मूल्यमा बिक्री गर्न नसक्दा बजारमा अभाव सिर्जना भएको छ ।

अर्कोतर्फ, केही औषधिको बजार मूल्य घटिसकेको भए पनि सरकारले निर्धारण गरेको मूल्य अझै उच्च रहेकाले ती औषधिको मूल्य घटाउनुपर्ने अवस्था पनि रहेको छ । मूल्य समायोजनसम्बन्धी मूल्य अनुगमन समितिको सिफारिस स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्रीको अध्यक्षतामा बस्ने औषधि परामर्श परिषद्मा पेस गरिने कानुनी व्यवस्था छ । परिषद्बाट स्वीकृत भएपछि प्रस्ताव मन्त्रिपरिषद्मा पठाइनेछ ।

मन्त्रिपरिषद्ले अनुमोदन गरेपछि निर्णय नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आउनेछ । करिब दुई साताअघि बजारमा क्यान्सर उपचारमा प्रयोग हुने प्लाटिनम समूहका कार्बोप्लाटिन र सिस्प्लाटिनलगायत औषधि तथा सलाइनमार्फत दिइने केही इन्जेक्सन औषधिको अभाव देखिएको थियो । यसले उपचाररत बिरामीलाई आवश्यक औषधि सहज रूपमा उपलब्ध गराउन चुनौती सिर्जना गरेको थियो । नेपालमा औषधिको मूल्य निर्धारण तथा

- बाँकी पृष्ठ ३ मा

# 'रैथाने उत्पादन संरक्षण गर्न कानुन तर्जुमा गरिने'

**राष्ट्रिय समाचार समिति**
*काठमाडौं, साउन ७ गते ।*

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले रैथाने (स्थानीय) उत्पादन संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कानुन निर्माण गरिने बताएकी छिन् ।

संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ)का नेपाल प्रतिनिधि केन सिमिजुले विहीवार गरेकी शिष्टाचार भेटमा मन्त्री यादवले त्यससम्बन्धी कानुन तर्जुमाको पहल भइरहेको बताइन् ।

भेटमा एफएओका नेपाल प्रतिनिधि केनले एसियाली क्षेत्रका सबै मुलुकमा 'जिओग्राफिकल इन्डिकेसन' (जिआई) प्रणाली लागू भइसकेको जानकारी गराएकी थिइन् । नेपाली रैथाने वस्तुको जिआई दर्ता नहुँदा त्यसको प्रत्यक्ष मार नेपालले खेप्नु परेको उल्लेख गर्दै उनले यसलाई रोक्न तत्काल प्रभावकारी कानुन बनाएर कार्यान्वयनमा लैजान जोड दिएको उद्योगमन्त्रीको स्वकीय सचिवालयले जनाएको छ ।

# साहित्यप्रतिको रूचि बढाउँदै जनता साहित्यिक मञ्च

**नारायण घिमिरे**
*बर्दिवास, साउन ७ गते ।*




युवा पुस्तामा साहित्यप्रतिको रुचि अभिवृद्धि गर्ने उद्देश्यसहित जनता साहित्यिक मञ्च गौरीडाँडाको ३०औं नियमित साहित्यिक शृङ्खला बर्दिवासमा सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षक रामचन्द्र पौडेलले विद्यार्थीहरूको सक्रियतामा संचालन भइरहेको साहित्यिक मञ्चले विद्यालयस्तरमै सिर्जनशील प्रतिभाको विकास, पठन-संस्कृतिको प्रवर्द्धन तथा साहित्यप्रतिको आकर्षण बढाउन उल्लेखनीय भूमिका खेलेको बताए । यस्ता गतिविधिले विद्यार्थीलाई आत्मविश्वासी, सिर्जनशील र सामाजिक रूपमा जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने उनले बताए ।

मञ्चकी अध्यक्ष रोजिना घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रम मञ्चको तल्लो सदनले आयोजना गरेको हो । कार्यक्रम संचालन सचिव प्रतिष्ठा पौडेलले गरेकी थिइन् भने उपाध्यक्ष समीक्षा भण्डारीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

कार्यक्रममा शिक्षक सन्तोष पासमान, सुजन कार्की, सुजन कालिकोटे, खेल प्रशिक्षक टेकबहादुर स्याङ्वा, जुनियर रेडक्रस सोसाइटीका अध्यक्ष प्रमेश महतो तथा बाल क्लबका उपाध्यक्ष प्रिन्स सिंहलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सिर्जना प्रस्तुत श्वेता पोखरेल, पेरिसा तामाङ, स्मारिका अधिकारी, समीक्षा भण्डारी, प्रतिष्ठा पौडेल, रोजिना घिमिरे र विपुल विद्रोहीलगायतका स्रष्टाले गर्दै साहित्यिक वातावरणलाई जीवन्त बनाएका थिए । सभाध्यक्ष घिमिरेले साहित्य सिर्जनाको निरन्तर अभ्यास र प्रतिभा प्रस्फुटनका लागि मञ्चले नियमित रूपमा यस्ता कार्यक्रम संचालन गर्दै आएको उल्लेख गर्दै सहयोग गर्ने सम्पूर्ण अतिथि, स्रष्टा तथा सहभागीप्रति आभार व्यक्त गरिन् ।

मञ्चले विद्यालय तहका विद्यार्थीमा साहित्य, भाषा र सिर्जनात्मक अभिव्यक्तिको विकास गर्ने उद्देश्यका साथ नियमित साहित्यिक शृङ्खला संचालन गर्दै आएको छ ।

# सात हजार फरार प्रतिवादी पक्राउ

**काठमाडौं, साउन ७ गते ।**

गत वैशाखदेखि असार मसान्तसम्म देशभरबाट विभिन्न मुद्दाका सात हजार २५१ फरार प्रतिवादीलाई पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार केन्द्रीय अनुसन्धान ब्युरोबाट ४८, काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट एक हजार २३२, कोशी प्रदेशबाट ९६०, मधेसबाट दुई हजार ११७, बागमतीबाट ७६०, गण्डकीबाट ४५२, लुम्बिनीबाट एक हजार १८१, कर्णालीबाट १८७ र सुदूरपश्चिमबाट ३१४ जना पक्राउ परेका छन् ।

सो अवधिमा पक्राउ परेका प्रतिवादीलाई तोकिएको दुई हजार ९३६ वर्ष चार महिना २५ दिन कैद सजाय कार्यान्वयनमा आएको छ । साथै उनीहरूबाट रु ७२ करोड ४७ लाख १२ हजार जरिवाना असुल उपर गरिएको छ ।

फैसला कार्यान्वयन तथा फरार अभियुक्त पक्राउ कार्यलाई उच्च प्राथमिकतामा राखिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए । रासस

WE ARE HIRING
आवश्यकता
कान्तिपुर डिजिटल कलर ल्याब
बर्दिवास, महोत्तरी
● कम्प्युटर अपरेटर - २
● रिसेप्शनिष्ट (Female) - २
तलब :
आपसी समझदारीमा
Send Your Resume
kantipur33@gmail.com
सम्पर्क नं. ९८४४०२०५९५, ९८०१६२०५९५

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, ग्रुप एडिटरः राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री